जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक १ २०८३ साल साउन १ गते शुक्रबार (17 July 2026 Friday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विद्युत् निर्यात क्षमता एक हजार.. ३ पृष्ठमा : मधेस प्रदेशमा आर्थिक ... ३ पृष्ठमास्थान्माका दुई डुङ्गा दुर्घटनामा.

# राजविराज जनप्रतिनिधिहरुको उदासिनताका कारण अझै व्यवस्थित हुन सकेन

**नवीनकुमार गुप्ता**
**राजविराज, ३२ असार ।**

नेपालकै पहिलो टाउन प्लानिङ सहर राजविराज जनप्रतिनिधिहरुको उदासिनताका कारण अझै व्यवस्थित हुन सकेको छैन् ।

भारतको गुलाबी सहरको नामले प्रसिद्धि पाएको जयपुर सहरको नक्सामा आधारित राजविराज नगरपालिका ( तत्कालिन राजविराज बजार) को टाउन प्लानिङ बि.स. १९९९ सालमा गरिए पनि ८३ वर्ष बितिसक्यो । तर, टाउन प्लानिङले परिकल्पना गरेको जस्तो सहर हालसम्म व्यवस्थित हुन सकेको छैन् ।


*फायल तस्बिर : सौजन्य राधेश्याम रमण*

**डम्पिङसाइटको निर्माण हुन सकेन**

फोहर व्यवस्थापनको कुरा गर्ने हो भने हालसम्म डम्पिङसाइटको निर्माण हुन नसकेका कारण जहिले पनि फोहर व्यवस्थापनमा समस्या आउने गरेको छ । ८३ वर्षमा पनि नगरपालिकाले डम्पिङसाइटलाई व्यवस्थित गर्न नसकेका हुनाले नगरपालिका क्षेत्र भित्रबाट उत्सर्जन हुने दैनिक सरदर ५० टन फोहर अव्यवस्थित रुपमा फ्याक्ने गरिएको छ । यस्तै सरकारी तथा नीजि तवरबाट संचालित सेफ्टीट्याङ्कको मल समेत खाँडो लगायतका खोलामा फ्याक्ने गरिएको छ ।

बि.स. २०७९ सालमा सम्पन्न स्थानीय तह निर्वाचनबाट राजविराज नगरपालिकाको मेयर पदमा निर्वाचित भिमराज यादवले आफ्नो कार्यकालको सुरुवात मै राजविराज वडा नं. १५ मा डम्पिङसाइट निर्माणका लागि स्थल चयन गरि तत्काल निर्माण कार्य समेत थालनी गरेका थिए । तर उनी पदबाट निलम्बित भएपछि हालसम्म सो डम्पिङसाइट निर्माण नभइकनै फोहर अव्यवस्थित रुपमा फ्याल्ने गरिएको वडा नं. ७ का सदस्य रामानन्द देवले जनाएका छन् ।

यसअघि तत्कालिन मेयर शम्भु प्रसाद यादवले डम्पिङसाइटका लागि ५ विगहा जग्गा २० वर्षको लागि लिजमा लिने निर्णय गरेका थिए । सोही जग्गामा डम्पिङसाइटको निर्माण भइरहेको तर स्थानीयहरुले फोहर विसर्जन गर्न खाल्डो खन्न नदिएपछि हाल विवादमै रहेको छ ।

**बिटोरी समस्या ज्यूँको त्युँ**

यस्तै बर्षौदेखि राजविराज नगर क्षेत्रको बिटोरी जग्गाको समस्या समेत समाधान गर्न जनप्रतिनिधिहरु गम्भिर बन्न नसकेको स्थानियको गुनासो छ । उनीहरु बिटोरी जग्गा भएकै कारण आफ्नै जग्गा बिक्रि गर्न पाएका छैनन् भने विभिन्न प्रयोजनका लागि ऋण समेत उठाउन बन्देज भएका छन् । जसका कारण बिटोरी जग्गावालहरु वर्षौदेखी समस्यामा पर्दै आइरहेका छन् ।

यो सहरको टाउन प्लानिङ तत्कालिन बडा हाकिम प्रकाश शम्शेरले गराएका थिए । बि.स. १९९९ सालमै ६० विगहामा यो नगर बसाइएको हो भने ८ विगहामा कर्मचारीको नाममा प्लट जग्गा स्वर्ण टोल (लंका टोल) मा बितरण गरिएको हो । त्यस्तै १० विगहामा तत्कालिन कचहरी लाइन (हाल अदालत रोड) मा सरकारी कार्यालयहरु स्थापना गरिएको हो । ७८ विगहामा फैलिएको यो सहरको बजार, बस पार्क, टेम्पु स्टेण्ड, माइक्रो स्टेण्ड, हाट बजार लगायत अहिले अव्यवस्थित हुदै जाँदा इतिहास बोकेको यस नगरपालिकाप्रति सम्बन्धीत निकायले कुनै चासो समेत देखाउन सकेको छैन ।

**छाडा पशु चौपाया व्यवस्थापनमा मौन**

नगर क्षेत्र भित्रको समस्या मध्ये छाडा पशु चौपायाको व्यवस्थापन पनि एक हो । अहिले पनि छाडा पशु चौपायाको व्यवस्थान हुन नसक्दा दिनँहु सडकमा दुर्घटना हुनुका साथै सहर कुरुप बन्दै गएको छ । सुरुवातमा नगरपालिका कार्यालयको हाताभित्रै काँजी हाउसको व्यवस्था केही दिनका लागि गरिएपनि विगत एक दशक भन्दा बढी समयदेखी काँजी हाउसको व्यवस्था गर्न सकिएको छैन् ।

**पार्किङको अभाव**

जथाभावी पार्किङ नियन्त्रण गर्न समेत नगरपालिका चुकेको छ । नगरमा चोरीका घटनाहरु बढ्दै जाँदा त्यसलाई नियन्त्रणका प्रयासहरु समेत गरिएको देखिन्न् । नगर क्षेत्रमा सिसि टिभि जडान गरिएको भनिएपनि हाल अधिकांश ती क्यामराहरु बिग्रिएको अवस्थामा छ । चोरीका घटना तथा अन्य आपराधिक गतिविधीलाई नियन्त्रण गर्न नगरपालिका गम्भिर नदेखिएको स्थानीय रमाकान्त साहले गुनासो पोखे ।

नगरका भित्रका सडक तथा गल्लीहरुमा व्यवस्थित रुपमा सडक बत्तिको व्यवस्था नहुँदा चोरीको घटना बढ्दै गएका छन् । सडक छेउमा पेटीको ब्यवस्था भएपनि सो पेटी अतिक्रमणको चपेटामा परेको छ । पेटीलाई केही व्यापारीहरुले निजि प्रयोजनका लागि प्रयोग गरेकाले बटुवाहरु बीच सडकबाटै हिड्न बाध्य भएका छन् । जसका कारण दुर्घटना हुने गरेको पाइएको छ । यसैगरि घर निर्माणका सामाग्रिहरु पनि बिच बाटोमै राख्नाले यातायातमा कठिनाई हुने गरेको छ ।

**बसपार्क संचालनमा आएन**

राजविराज वडा नं. २ मा दुई दशकको प्रयासपछी निर्माण भएको बस पार्क विगत दुई वर्षदेखी संचालनबिहीन अवस्थामा छ । बस पार्क व्यवस्थापनका लागि दुई पटक टेन्डर आह्वान गरिएपनि विभिन्न विवादका कारण हालसम्म संचालनमा आउन सकेको छैन् । जसकारण अव्यवस्थित पार्किङले सहरको सुन्दरतामा ग्रहण लागेको देखिन्छ ।

**ऐतिहासिक हटिया बजारलाई भत्काएर अदुरदर्शी रुपमा सटरहरु निर्माण**

राजविराज ७ मा अवस्थित ऐतिहासिक हटिया बजारलाई भत्काएर अदुरदर्शी रुपमा सटरहरु निर्माण गरिएको छ । जसले नगरको सौन्दर्यता बिलिन भएको छ । यो हटिया बजार सम्भवत नेपालकै पहिलो प्लानिङ गरि निर्माण गरिएको थियो । सात वर्षदेखी निर्माणाधीन ती सटरहरुको कार्य हालसम्म सम्पन्न हुन नसक्दा हटिया बजार अब्यवस्थित भएको छ ।

अचम्मको कुरा के छ भने करोडौंको लागतमा निर्माण भइरहेको हटियाका सटरहरुमा एउटा पनि शौचालयको व्यवस्था छैन् । नगरपालिकाको श्रोतका अनुसार सटरहरुको निर्माणका क्रममा डिजाइन गरिएको नक्सामा शौचालय निर्माणको व्यवस्था छैन् ।

**शौचालयको अभाव**

समस्यै समस्याबाट ग्रस्त राजविराज नगरपालिकाको अर्को मुख्य समस्या सार्वजनिक शौचालय नहुनु हो । योजना बिहीन तरिकाबाट उचित

*बाँकी तीन पृष्ठमा*

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

❖ कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
❖ अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
❖ पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
❖ कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
❖ पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
❖ शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
❖ पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
❖ स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### हामी ३६ औं वसन्तमा

आजदेखी हामी ३६ औं वर्षमा प्रवेश गरेका छौं । राजविराज दैनिक पत्रिका प्रकाशनको ३५ औं वर्ष पुरा भई ३६ औं वर्षमा प्रवेश गरेको छ । समाजको विभिन्न सकारात्मक र नकारात्मक दुबै पाटोलाई केलाएर सत्यतथ्य समाचार पस्कने जमर्कोका साथ विगत ३५ वर्षदेखी यस दैनिक पत्रिका नियमित रुपमा प्रकाशन भइरहेको छ ।

यसअवधीमा समाचार सम्प्रेशन गर्ने उद्देश्यले देश विदेशमा रहेका आफ्ना पाठकहरुका लागि विगत १२ वर्षदेखी ई-पेपरको व्यवस्था मिलाएका छौं । प्रेस काउन्सील नेपालले गर्दै आएको पत्रपत्रिका वर्गिकरणमा लगातार एक दशकदेखी “क” वर्गमा पर्न सफल हुदै आएको छ । अहिलेको संचारमाध्यमहरुको प्रतिस्पर्धात्मक यूगमा जिल्लामा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भई यस दैनिक पत्रिका वर्तमान समयमा जिल्लाका पाठक माझ लोकप्रिय पत्रिकाको स्थान समेत ओगटन सफल भएको छ ।

यस उपलबधीका लागि विशेष रुपमा ग्राहक, शुभेच्छुक तथा विज्ञापनदाताको समर्थन रहेको छ । अन्तमा हामीलाई साढे तीन दशक लामो समयदेखी निरन्तरतामा सहयोग र माया गर्ने सबैप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दै भविष्यमा पनि सत्यको पक्षमा पत्रिकाका माध्यमबाट समाचार सम्प्रेसन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# विद्युत् निर्यात क्षमता एक हजार ६५० मेगावाट पुऱ्याउने सहमति

काठमाडौँ, ३२ असार (रासस) ।

नेपाल र भारतका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बैठकले नेपालबाट एक हजार ६५० मेगावाट बराबरको बिजुली निर्यात गर्ने विषयमा सहमति जनाएका छन् ।

हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फरपुर र ढल्केबर सीतामढी अन्तरदेशीय प्रसारण लाइनबाट एक हजार ४०० मेगावाट बिजुली आयात गर्ने सहमति भएको छ ।

यस्तै, निर्याततर्फ एक हजार १०० मेगावाटबाट एक हजार ६५० मेगावाट बराबर पुऱ्याउने सहमति भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देवले जानकारी दिनुभयो ।

यस्तै, चमेलिया जौलजीवी २२० केभी ‘डबल सर्किट’ प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन बैठकले स्वीकृत गरेको छ । सो आयोजना २०२८ को डिसेम्बरसम्म निर्माणसम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

न्यू पुर्निया र दोदोधारा बरेली ४०० केभी क्षमताको अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि संयुक्त उपक्रम कम्पनी स्थापना गर्ने प्रक्रियालाई तीव्रता दिने सहमति पनि बैठकमा भएको प्रवक्ता देवले जानकारी दिनुभयो ।

त्यस्तै, मोतिहारी- निजगढ ४०० केभी डबल सर्किट, लखनऊ कोहलपुर ४०० केभी प्रसारण लाइनको हकमा थप प्राविधिक अध्ययन गरिनेछ । नयाँ बुटवल-गोरखपुर ४०० केभी प्रसारण लाइन भने तत्कालका लागि २२० केभीमा सञ्चालन गर्ने प्राविधिक सहमति भएको छ ।

सो प्रसारण लाइनको नेपाल खण्डको निर्माण २०२६ को अगस्तसम्म सम्पन्न हुनेछ । त्यस्तै, सबस्टेसनको निर्माण २०२७ को डिसेम्बरसम्म सम्पन्न हुनेछ । सो प्रसारण लाइनबाट तत्काल १३० मेगावाट बराबरको बिजुली आयात गर्न सकिने र २०० मेगावाट बराबर निर्यात गर्न सकिनेछ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी र भारत सरकारको विद्युत् मन्त्रालयका सचिव पङ्कज अग्रवालको सहअध्यक्षतामा निर्देशक समितिको १३औँ बैठक बुधबार पोखरामा सम्पन्न भएको हो ।

त्यसअघि मङ्गलबार पोखरामा संयुक्त कार्यदलको १३औँ बैठक सम्पन्न भएको थियो । जसको सहअध्यक्षता ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देव र भारत सरकारको विद्युत् मन्त्रालयका सहसचिव (प्रसारण) पङ्कज कुमारले गर्नुभएको थियो ।

बैठकमा जलविद्युत् परियोजनाको विकास, विद्युत् व्यापार र प्रसारण पूर्वाधारलगायत द्विपक्षीय ऊर्जा क्षेत्रका विविध सहकार्यको विविध विषयमा समीक्षा गरिएको थियो ।

दुवै पक्षले ४०० केभी गोरखपुर-न्यू बुटवल लाइनसहित नयाँ प्रसारण लाइनको विकासमा भएको प्रगतिको प्रशंसा गरेका थिए । हाल सञ्चालनमा रहेका र प्रस्तावित विद्युत् उत्पादन तथा प्रसारण आयोजनाको कार्यान्वयनलाई तीव्रता दिन आवश्यक सहजीकरण गर्ने उपायका बारेमा छलफल गरेका थिए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार दुवै देशको ग्रिडको समन्वयात्मक सञ्चालन, सौर्य ऊर्जा परियोजनाको विकास, ग्रिन हाइड्रोजनमा सहकार्य र नेपाली विज्ञहरूको क्षमता अभिवृद्धिलगायतका विषयमा छलफल भएको थियो ।

# निःशुल्क स्वास्थ्य पोर्टलबाट दुई हजारभन्दा बढीले पाए उपचार सेवा

काठमाडौँ, ३२ असार (रासस) ।

सरकारले विपन्न वर्गलाई लक्षित गरी सञ्चालन गरेको निःशुल्क स्वास्थ्य ‘पोर्टल’मार्फत उपचार सेवा लिनेको संख्या दुई हजार २०० नाघेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार पोर्टलमा आबद्ध अस्पतालको सङ्ख्या बढ्दै गएको छ । सुरुमा १३ अस्पताल आबद्ध रहेकोमा अहिले यो संख्या २३८ पुगेको मन्त्रालयका प्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिनुभयो ।

पोर्टलमार्फत अस्पतालले आफ्नो कुल शय्या सङ्ख्या र त्यसको १० प्रतिशत बराबरको निःशुल्क शय्याको विवरण नियमित रूपमा अद्यावधिक गर्ने गरेका छन् ।

विपन्न बिरामी वा उनीहरूका आफन्तले मोबाइल र कम्प्युटरबाट कुन अस्पतालमा कति निःशुल्क शय्या उपलब्ध छ भन्ने जानकारी लिन सक्ने व्यवस्था गरिएको छ । साथै अस्पतालमा उपलब्ध रगतसम्बन्धी जानकारी पनि पोर्टलबाट हेर्न सकिनेछ ।

संविधानमा व्यवस्था गरिएको निःशुल्क स्वास्थ्य उपचारको अधिकार कार्यान्वयन गर्न सरकारले सूचना प्रविधिमा आधारित यो प्रणाली सञ्चालनमा ल्याएको हो ।

स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ अनुसार अस्पतालले कुल शय्याको १० प्रतिशत विपन्न, असहाय र बेवारिसे बिरामीका लागि निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

मन्त्रालयका अनुसार देशभरका अस्पतालमा सोमबार दिउँसोसम्म २८ हजार ७०४ शय्याको १० प्रतिशत बराबर तीन हजार ३८० निःशुल्क शय्या उपलब्ध छन् । तीमध्ये ५९३ शय्यामा विपन्न बिरामीले निःशुल्क उपचार पाइरहेका छन् भने अझै दुई हजार ७८७ शय्या खाली छ ।

प्रवक्ता अधिकारीका अनुसार पोर्टल सञ्चालनपछि हालसम्म एक हजार ७६० भन्दा बढी व्यक्तिले निःशुल्क शय्या सुविधा पाएका छन् ।

देशका ठूला अस्पतालमध्ये सबैभन्दा बढी निःशुल्क शय्या बिपी कोइराला क्यान्सर अस्पतालमा उपलब्ध छ । त्यहाँ उपलब्ध २५१ निःशुल्क शय्यामध्ये सबै खाली छन् । निःशुल्क शय्याको सबैभन्दा बढी प्रयोग भने वीर अस्पतालमा भएको छ ।

डा अधिकारीले निःशुल्क शय्याबारे आम नागरिकलाई जानकारी नभएकाले प्रयोगकर्ता संख्या कम देखिएको बताउँदै जानकारी विस्तारसँगै यसको प्रयोग बढ्ने बताउनुभयो ।

मन्त्रालयले निःशुल्क उपचार पोर्टल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गरी ‘वेबसाइट’मा राखेको जनाएको छ । पोर्टललाई थप व्यवस्थित बनाउँदै लक्षित वर्गलाई निःशुल्क उपचार सेवा सहज बनाउने काम भइरहेको मन्त्रालयले जनाएको छ ।

# प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्छौं : मुख्यमन्त्री यादव

जनकपुरधाम, ३२ असार (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न लागिएको बताउनुभएको छ ।

मधेस प्रदेशसभामा प्रदेश सरकारको प्रदेश विनियोजन विधेयक २०८३ माथि छलफलका क्रममा प्रदेशसभा सदस्यहरूले उठाएका प्रश्नको जवाफ दिनुहुँदै मुख्यमन्त्री यादवले पछिल्लो समय नागरिकमा मानसिक समस्या बढ्दा आत्महत्या र आत्मदाहजस्ता घटना हुने गरेकाले प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न लागिएको बताउनुभयो ।

शरीरमा पेट्रोलियम पदार्थ खन्याएर आत्मदाह गरेका सर्लाहीका विवेक मण्डलको परिवारलाई राहत उपलब्ध गराइने घोषणा गर्दै मुख्यमन्त्री यादवले मङ्गलबार राति आत्मदाहको प्रयास गरेका रौतहटको गरुडा नगरपालिका-९ का २८ वर्षीय गौतमकुमार सहनीको स्वास्थ्यलाभको कामना समेत गर्नुभयो ।

यसैगरी मुख्यमन्त्री यादवले मधेस प्रदेशमा अहिले करिब १० हजार मेट्रिक टन चामल भारतबाट आयात गर्नुपर्ने अवस्थाको अन्त्य गरी प्रदेशलाई धान र चामलमा आत्मनिर्भर बनाउन प्रयत्नशील रहेको बताउनुभयो । उहाँले सप्तरी र सिरहामा आँप खेती, सर्लाहीमा गोलभैँडाखेती तथा रौतहत र बारामा केरा खेतीलाई प्रोत्साहन गर्ने गरी प्रदेश सरकारले कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको उल्लेख गर्नुभयो ।

मधेस प्रदेशमा दुई बाली धान र एक बाली खेतीलाई जोड दिएको बताउनुहुँदै मुख्यमन्त्री यादवले बढ्दो फजुल खर्च कटौती गर्न प्रदेश सरकारले हालका १२ मन्त्रालयलाई घटाएर नौ बनाउने र प्रदेश सरकारअन्तर्गत निकाय तथा कार्यालयलाई समायोजन गर्न लागिएको बताउनुभयो । उहाँले प्रदेशसभा सदस्यबाट प्राप्त सुझावलाई सरकारले आत्मसात् गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# सम्पत्ति छानबिन नगर्न अन्तरिम आदेश

काठमाडौँ, ३२ असार (रासस) ।

सम्पत्ति छानबिन आयोगलाई कसैको पनि सम्पत्ति छानबिन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले बुधबार सर्वोच्च अदालतको आदेशविपरीत आयोगले सूचना प्रकाशित गरेको पूर्ण इजलासबाट रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कसैको पनि सम्पत्ति विवरण माग गर्न र जाँचबुझको काम अघि नबढाउन अन्तरिम आदेश गरेको हो ।

पूर्वन्यायाधीश फोरम नेपाल र अधिवक्ता एमआर उपाध्यायले दायर गर्नुभएका छुट्टाछुट्टै रिट निवेदनको सुनुवाइपछि अदालतले उक्त आदेश जारी गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार आयोगलाई तत्काल काम अघि नबढाउने आदेश भएको र आदेशको लिखित पाठ भने आउन बाँकी छ ।

यसअघि, सर्वोच्च अदालतले

*बाँकी अन्तिम पृष्ठमा*

# मधेस प्रदेशमा आर्थिक विनियोजन विधेयक पारित

जनकपुरधाम, ३२ असार (रासस)। मधेस प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटसहितको आर्थिक विनियोजन विधेयक २०८३ प्रदेशसभाबाट बुधबार सर्वसम्मतिले पारित भएको छ।

मधेस प्रदेशसभाको बुधबार बसेको बैठकमा प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले गर्नुभएको मधेस प्रदेशको आर्थिक विनियोजन विधेयक २०८३ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको सभामुख रामअशिष यादवले घोषणा गर्नुभयो।

दुई दिनसम्म चलेको प्रदेशसभा बैठकमा २१ प्रदेशसभा सदस्यले विनियोजन विधेयकअन्तर्गत विषयगत मन्त्रालयका शिर्षकमाथि उठाएका प्रश्नहरूको मुख्यमन्त्री कृष्णप्रसाद यादव र अर्थमन्त्री भट्टराईले जवाफ दिएपछि आर्थिक विनियोजन विधेयक २०८३ सभामुख यादवले निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो। बैठकमा उपस्थित सबै प्रदेशसभा सदस्यहरूले आर्थिक विनियोजन विधेयक २०८३ को समर्थन गरेपछि विधेयक सर्वसम्मतिले पारित भएको सभामुख यादवले घोषणा गर्नुभयो।

प्रदेश सरकारको आर्थिक विनियोजन विधेयक २०८३ पारित भएसँगै मधेस प्रदेशसभाको बैठक अर्को सूचना जारी नगरुञ्जेलसम्मका लागि स्थगित भएको सभामुख यादवले घोषणा गर्नुभयो। मधेस प्रदेश सरकारका अर्थमन्त्री भट्टराईले यही असार १ गते प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो।

बजेट पूर्वाग्रही र त्रुटिपूर्ण रहेको भन्दै प्रतिपक्षी जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट संशोधन नभएसम्म प्रदेशसभा बैठक चल्न नदिने अडान राख्दै आएका थिए। यही असार २८ गते बसेको प्रदेशसभा बैठकबाट बजेटलगायतमा देखिएको समस्या समाधान गर्न गठित सात सदस्यीय कार्यदलले प्रदेशसभा बैठकमा बजेटमा देखिएका कमीकमजोरी सच्याउन विभिन्न १० बुँदे सुझावसहितको प्रतिवेदन पेस गरेको थियो।

कार्यदलले दिएको १० बुँदे सुझावसहितको प्रतिवेदनलाई प्रदेश सरकारले विनियोजन विधेयकको अङ्गका रुपमा स्वीकार गरेपछि प्रदेशसभामा विनियोजन विधेयकमाथि मङ्गलबारदेखि छलफल सुरु भएको थियो।

# आर्थिक सुधारका लागि कानुन संशोधन र खारेजीको प्रक्रिया अघि बढाइएको छ’

काठमाडौँ, ३२ असार (रासस)। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसअनुसार अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन तथा खारेज गर्न लागिएको स्पष्ट पार्नुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा ‘अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्’ भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले आफू अर्थमन्त्री नियुक्त भएकै दिन आर्थिक सुधारमा बाधक बनेका कानुन खारेज गर्ने घोषणा गरेको स्मरण गराउनुभयो।

“सो घोषणालाई मूर्तरूप दिन विधेयक अघि बढाइएको हो,” उहाँले भन्नुभयो, “संसद्‌बाट नयाँ कानुन बनाउनुपर्ने हुन्छ भने आवश्यकताअनुसार केही कानुन खारेज पनि गर्नुपर्ने हुन्छ। यही प्रक्रियाअन्तर्गत विधेयक ल्याइएको हो। सरकार आर्थिक सुधारप्रति प्रतिबद्ध छ र घोषणा गरिएका विषयलाई कानुनी रूपमा कार्यान्वयन गर्दै लगिएको छ।”

उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरू मञ्जु भुसाल, कृष्णहरि बुढाथोकी, नितिमा भण्डारी (कार्की), अशोककुमार चौधरी, माधवबहादुर थापा, सुशील खड्का, रेनुका काउँचा, विदुषी राणा, नरेन्द्रकुमार केरुङ, मदनकृष्ण श्रेष्ठ, बुद्धिप्रसाद पन्त, साजिदा खातुन सिद्धिकी, हरिप्रसाद भुसाल, गुरुप्रसाद बराल र पुष्पराज कँडेलले भाग लिनुभएको थियो।

त्यसअघि अर्थमन्त्री वाग्लेले ‘अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्ताव प्रतिनिधिसभाले सर्वसम्मत रूपमा स्वीकृत गरेको थियो।

बैठकमा सभामुख डोलप्रसाद अर्यालले उक्त विधेयकमाथि संशोधन दर्ता गर्न इच्छुक सांसदहरूले प्रतिनिधिसभाको विधेयक शाखामा सम्पर्क गर्न सक्ने जानकारी गराउनुभयो।

*राजविराज ...*

स्थानमा सार्वजनिक शैचालयको व्यवस्था नहुँदा बटुवाहरुलाई समस्या हुने गरेको छ। विद्यालयको झ्याल थुनेर राजविराज ७ मा नगरपालिकाको गेट अगाडी नै बनाइएको छ। यस्तै नगरको मुख्य चौकहरुमा एउटा पनि शौचालय निर्माणका लागि नगरपालिकाले अग्रसरता नदेखाउनु दुःखको विषय हो।

**ऐतिहासिक ‘लेखनाथ आदर्श पुस्तकालय’ को अस्तित्व संकटमा**

यस्तै सप्तरीको एक मात्र ऐतिहासिक ‘लेखनाथ आदर्श पुस्तकालय’ को अस्तित्व बचाउनका लागि राजविराज नगरपालिकाको प्रयास पनि ओझेलमै रहेको छ। उक्त पुस्तकालयको हल निर्माणका लागि चालु आ.ब. २०८२/८३ मा ३० लाख बजेट बिनियोजन गरेपनि काम भने अधुरै रहेको छ। राजविराज नगरपालिकाको स्वामित्वमा रहँदै आएको सो पुस्तकालय हाल राजविराज वडा नं. ७ स्थित तत्कालिन वन कार्यालय (हाल डिभिजन वन कार्यालय) को ठ्याक्क अगाडी पट्टी दुई तल्ले पक्की भवनको भुई तल्लामा अवस्थित थियो।

हाल उक्त स्थानमा राजविराज नगरपालिकाले व्यापारिक प्रयोजनका लागि निर्माण गरेको एक तल्ले भवनमाथी पुस्तकालय संचालनका लागि हल निर्माण गर्ने भएको छ। बि.स. २०४५ सालको भुकम्प पश्चात् पनि भवनको अवस्था ठीकठाकै थियो। तर, पछिल्लो पटक बि.स. २०७२ सालमा आएको विनाशकारी भुकम्पमा भवनको अवस्था बिग्रियो। फलस्वरुप पुस्तकालयको सिलिङ (छत) आफै भत्किएर झर्दै, पर्खालहरुमा चिरा पर्न थालेको थियो।

आ.ब. २०७७/७८ मा तत्कालिन राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवको पालामा पुस्तकालय भवन भत्काएर नयाँ भवन निर्माणका लागि टेण्डर आह्वान गरिएको थियो। झण्डै तीन वर्षपछि नयाँ भवन निर्माण भयो। हाल ती नयाँ भवनमा राजविराज नगरपालिकाले खुल्ला टेण्डर प्रक्रियाबाट धरौटी रकमसहित मासिक रुपमा भाडा लगाएको छ।

वि.स. १९९९ सालमा सप्तरीको पुरानो सदरमुकाम हनुमाननगरमा आदर्श पुस्तकालय (लेखनाथ) स्थापना भएको हो। राजविराजमा कर्मचारीको लागि छुट्याइएको ८ विगहा जग्गामा स्वर्ण (तत्कालिन लंका) टोलमा स्थापना भएको थियो॰। पछि वि.सं. २०२१/२२ सालमा तत्कालिन सूर्यप्रसाद श्रेष्ठ सहायक अंचलाधिश भएको बेलामा उनकै प्रयासमा आदर्श पुस्तकालयलाई लेखनाथ आदर्श पुस्तकालय नामाङकन गरि भवन निर्माण गराई उद्‌घाटन गरिएको थियो। उक्त पुस्तकालयलाई संचालन गर्न स्थानिय बद्री प्रसाद लुईटेललाई जिम्मा लगाइएको थियो। जसको लाइब्रेरियनमा हाल अवकाश प्राप्त मावि शिक्षक शिवराज भट्टले २०३५ सालदेखी निःशुल्क सेवा दिँदै आएका थिए। तर, पछि उक्त पुस्तकालय नेपाल स्काउटको जिम्मा लगाइएको थियो। र २०४९ सालसम्म पुस्तकालय स्काउटकै निगरानीमा संचालनमा रहेको थियो।

यस्तै बि.सं. २०४७ सालको राजनीतिक परिवर्तनसँगै पुस्तकालय तत्कालिन राजविराज नगरपालिकाका मेयर जगरनाथ दासको पालासम्म राम्ररी नै संचालन भएको थियो। जुन पुस्तकालयमा विपी कोइराला, पुष्पलाल श्रेष्ठको टिप्पणीसहितको निरिक्षण पुस्तिका रहेको थियो। तर अहिले सो पुस्तकहरु कहाँ छन् सायदै उपलब्ध हुने कुरामा शंका छ।

पूर्व मेयर गोबिन्द सिंह भन्छन् “आफ्ना पालामा नगर विकासका निम्ति सडकहरु फराकिलो गर्ने कामको थालनी गर्दा त्यस बखत निकै आलोचना खेप्नु परेको थियो, सडकलाई अतिक्रमण गरि नीजि स्वार्थका लागि स्थानीय व्यक्तिहरुले प्रयोग गरेकाले साँगुरो हुँदै गएको छ।”

नगरपालिकाका पूर्व मेयर जगरनाथ दास भन्छन् “राजविराज नगरपालिका आजभन्दा २८ वर्ष अगाडी जस्तो थियो, अहिले पनि जस्ताको त्यस्तौ रहेको छ, आफू मेयर हुँदा सम्पन्न गरेको काम व्यवस्थित हुनु पर्नेमा अहिले कतिपय भौतिक संरचनाहरु झन अव्यस्थित भई जिर्ण भइसकेको छ।”

बि.स. १९९० मा कोशीको बाढीले हनुमाननगरमा वडा हाकिमको कार्यालय र अन्य कार्यालयहरुलाई बगाउँदा बि.स. १९९९ मा विकल्पको रुपमा राजविराज बजारको स्थापना भएको हो। बि.स. २०१५ सालको प्रजातन्त्रिक आम निर्वाचन पश्चात् २०१६ सालमा पहिलो पटक राजविराज बजारको नाम परिवर्तन गरि राजविराज नगरपालिका राखियो। यस नगरपालिकको पहिलो चेयर म्यान यमुनानन्द मिश्र थिए।

बि.स. २०१५ सालमा राजविराज ४ स्थित पूर्वमेयर गोबिन्द सिंहको घरदेखी वैष्णवकाली मन्दिरसम्मको जग्गा बैलगाडा स्टेण्ड (कार्ट स्टेण्ड) को रुपमा प्रयोग भइरहदा सरकारी उदासिनताका कारण नीजि स्वार्थका लागि घरहरु निर्माण गरिएको वरिष्ठ पत्रकार अनिल कुमार अनल बताउछन्। उनी भन्छन्, “करिब ८ बिगहा क्षेत्रफल रहेको उक्त जग्गालाई प्रयोग गरेर त्यहा बस स्टेण्ड निर्माण भएको भए सहरको सौन्दर्यता अझ बढ्ने थियो।”

## विश्व समाचार

### म्यान्माका दुई डुङ्गा दुर्घटनामा ५०० भन्दा बढी बेपत्ता आशङ्का

जेनेभा, ३२ असार (रासस/एएफपी)। संयुक्त राष्ट्रसङ्घले म्यान्माबाट रोहिङ्ग्या शरणार्थी बोकेर गएका दुई डुङ्गा दुर्घटनामा ५०० भन्दा बढी मानिसको ज्यान गएको वा बेपत्ता भएको आशङ्का व्यक्त गर्दै यसलाई सम्भावित मानवीय विपत्ति भएको जनाएको छ। घटनाको आधिकारिक पुष्टि हुन बाँकी रहे पनि प्रारम्भिक विवरणले ठूलो मानवीय क्षतिको सङ्केत गरेको राष्ट्रसङ्घीय निकायहरूले बताएका छन्।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) र संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) ले संयुक्त वक्तव्य जारी गर्दै जुनको अन्त्यतिर द्वन्द्वग्रस्त म्यान्माको राखाइन राज्यबाट प्रस्थान गरेका दुई डुङ्गा दुर्घटनामा परेको आशङ्का गरिएको जनाएको हो। ती डुङ्गामा अधिकांश यात्रु रोहिङ्ग्या मुस्लिम अल्पसङ्ख्यक समुदायका सदस्य रहेको बताइएको छ। केही यात्रु बङ्गलादेशको कोक्स बजारस्थित विशाल शरणार्थी शिविरबाट यात्रा थालेका थिए। कोक्स बजारस्थित शरणार्थी शिविरमा १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थी बसोबास गर्दै आएका छन्।

राष्ट्रसङ्घका अनुसार करिब २५० यात्रु रहेको एउटा डुङ्गासँग यात्रा सुरु गरेको केही समयमै सम्पर्क विच्छेद भएको थियो। अर्को करिब २८० यात्रु बोकेको डुङ्गा जुलाई ८ मा म्यान्माको अय्यारवाडी तट नजिक डुबेको अनुमान गरिएको छ।

युएनएचसीआर र आइओएमले घटनाको आधिकारिक पुष्टि हुन बाँकी रहे पनि सम्भावित ठूलो जनधनको क्षतिप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। दुवै निकायले यी यात्रा सामान्य समुद्री यात्राको मौसमभन्दा बाहिर गरिएको उल्लेख गर्दै त्यसबेला समुद्रको अवस्था अत्यन्त जोखिमपूर्ण हुने र पछिल्लो समय परेको अविरल वर्षा तथा बाढीले जोखिम अझ बढाएको बताएका छन्। यदि घटनाको पुष्टि भएमा यस वर्ष अन्डमान सागर र बङ्गालको खाडी क्षेत्रमा रोहिङ्ग्या शरणार्थी तथा बङ्गलादेशी नागरिक गरी बेपत्ता वा मृत्यु हुनेको सङ्ख्या करिब ३०० ले थप वृद्धि हुने राष्ट्रसङ्घले जनाएको छ।

रोहिङ्ग्या समुदायका मानिसहरू हरेक वर्ष सुरक्षित जीवन र राम्रो अवसरको खोजीमा मानव तस्करहरूले सञ्चालन गर्ने जोखिमपूर्ण समुद्री यात्रामा निस्कने गरेका छन्। युएनएचसीआरका अनुसार गत वर्ष मात्रै छ हजार ५०० भन्दा बढी रोहिङ्ग्यामध्ये करिब ९०० जना उत्तर हिन्द महासागर पार गर्ने क्रममा बेपत्ता भएका वा मृत्यु भएको विवरण प्राप्त भएको थियो। राष्ट्रसङ्घीय निकायहरूले म्यान्मामा जारी द्वन्द्व, बिग्रँदो मानवीय अवस्था, बङ्गलादेशका शरणार्थी शिविरमा सीमित सहायता तथा अवसरका कारण रोहिङ्ग्याहरू जोखिमपूर्ण समुद्री यात्रा गर्न बाध्य भइरहेको उल्लेख गरेका छन्। साथै, मानव तस्करी र अवैध ओसारपसार गर्ने सञ्जालहरूले उनीहरूको निराशाको फाइदा उठाइरहेकोप्रति पनि चिन्ता व्यक्त गरेका छन्।

आइओएम र युएनएचसीआरले खोज तथा उद्धार अभियान विस्तार गर्न, शरण र संरक्षणमा पहुँच सुनिश्चित गर्न तथा मानव तस्करी र अवैध ओसारपसार गर्ने सञ्जालविरुद्ध प्रभावकारी कारबाही गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन्। साथै, वर्षौंदेखि रोहिङ्ग्या शरणार्थीलाई आश्रय दिँदै आएको बङ्गलादेशको प्रशंसा गर्दै शरणार्थी र उनीहरूलाई आश्रय दिने समुदायका लागि दीर्घकालीन अन्तर्राष्ट्रिय सहयोग तथा जबर्जस्ती विस्थापनका मूल कारण समाधान गर्न थप प्रयास आवश्यक रहेकोमा जोड दिएका छन्।

### हर्मुज केन्द्रित अमेरिकी आक्रमण तीव्र

तेहरान, ३२ असार (रासस/एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा नफर्किए थप कडा सैन्य कारबाही गर्ने चेतावनी दिइरहेका बेला संयुक्त राज्य अमेरिकाले बुधबार हर्मुज जलघाँटी क्षेत्रमा इरानको सैन्य क्षमता लक्षित गर्दै नयाँ हवाई आक्रमण सुरु गरेको छ। यससँगै करिब एक महिनाअघि भएको अमेरिका-इरान समझदारीपछि रोकिएको प्रत्यक्ष सैन्य टकराव फेरि तीव्र बनेको छ। अमेरिकी सेन्ट्रल कमान्डका अनुसार आक्रमण १९:०० जीएमटीदेखि सुरु गरिएको हो।

हर्मुज जलघाँटी हुँदै स्वतन्त्र रूपमा आवतजावत गर्ने जहाजलाई जोखिममा पार्न प्रयोग भइरहेका इरानी सैन्य संरचना र क्षमतामाथि कारबाही केन्द्रित गरिएको जनाएको छ। अमेरिकी सेनाले इरानको बन्दरगाहमा लगाइएको नौसैनिक नाकाबन्दी तोड्न खोजिरहेको खाली तेल ट्याङ्करलाई पनि हेलफायर मिसाइल प्रहार गरी निष्क्रिय बनाएको दाबी गरेको छ। कुराकाओको झण्डा बोकेको ‘एम/टी बेल्मा’ नामक उक्त जहाजलाई निष्क्रिय पारिएकाले अब इरानतर्फ अघि बढ्न नसक्ने अमेरिकी सेन्ट्रल कमान्डले जनाएको छ।

इरानी सरकारी सञ्चारमाध्यमहरूले बन्दर अब्बास, रास्क, चाबहार, केशम, बन्दर इमाम खोमेनी तथा बुसेहरलगायत दक्षिणी क्षेत्रहरूमा विस्फोट भएको जनाएका छन्। बुसेहरमा रहेको इरानको एकमात्र नागरिक आणविक ऊर्जा केन्द्र आसपास पनि अमेरिकी आक्रमण भएको दाबी गरिएको छ। मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यले अमेरिका र इरानबीच समझदारीपत्रमा हस्ताक्षर भएको झन्डै एक महिनामै दुवै पक्ष पुनः सैन्य भिडन्तमा उत्रिएका हुन्। इरानको रिभोलुसनरी गाड्र्सले बहराइनस्थित अमेरिकी पाँचौं नौसैनिक फ्लीटलाई लक्षित गरेको जनाएको छ। त्यसपछि बहराइनमा हवाई साइरन बजाइएको थियो। जोर्डनले इरानबाट प्रहार गरिएका तीनवटा मिसाइल खसालेको जनाएको छ भने इराकको एरबिल क्षेत्रमा अमेरिकी नेतृत्वको गठबन्धनले विस्फोटक पदार्थ बोकेका आठवटा ड्रोन खसालेको कुर्दिस सुरक्षा बलले जनाएको छ। घटनामा मानवीय क्षतिको पुष्टि भएको छैन।

राष्ट्रपति ट्रम्पले इरान वार्तामा नफर्किए आगामी सातादेखि विद्युत् केन्द्र र पुलजस्ता पूर्वाधारमाथि पनि आक्रमण हुन सक्ने चेतावनी दिनुभएको छ। यद्यपि, दुवै पक्षबीचको मध्यस्थतामार्फत जारी वार्ता औपचारिक रूपमा समाप्त भएको छैन। इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले भने समझदारीपत्रका प्रावधान कार्यान्वयन नभएसम्म त्यसको कुनै अर्थ नरहने र इरानले त्यसको पालना गर्नुपर्ने आधार पनि नरहने बताउनुभएको छ।

# उच्च अदालतले गऱ्यो ४ हजार ३ मुद्दा फछ्र्यौट




**दैनिक समाचारदाता**
**राजविराज, ३२ असार ।**

उच्च अदालत जनकपुर राजविराज इजलासले एक आर्थिक वर्षमा चार हजार भन्दा बढी मुद्दा फछ्र्यौट गरेको छ । आर्थिक वर्ष २०८२/०८३ मा अदालतले चार हजार तीन मुद्दा फछ्र्यौट गरेको हो ।

उच्च अदालत जनकपुर राजविराज इजलासले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा आर्थिक वर्ष २०८२/०८३ को अदालतले कार्य सम्पादनको संक्षिप्त अवस्था प्रस्तुत गर्दै अदालतका रजिस्ट्रार लोकनाथ पराजुलीले लगतको आधारमा ६८ दशमलव ८३ प्रतिशत र लक्ष्यको आधारमा एक सय दशमलव ९१ प्रतिशत मुद्दा फछ्र्यौट भएको जानकारी दिए ।

जिम्मेवारी सरी आएको एक हजार नौ सय ८३ र नयाँ दर्ता तीन हजार आठ सय ३३ गरी पाँच हजार आठसय १६ मुद्दा रहेकोमा चार हजार तीन मुद्दा फछ्र्यौट भई एक हजार आठसय १३ मुद्दा बाँकी रहेको उल्लेख गरे ।

# मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३२ असार ।**

पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको शम्भुनाथ नगरपालिका ६ स्थित कठौनामा भारतीय नम्बरको बिआर ३२ बिडी ९७६४ नम्बरको मोटरसाइकलले बालक सवार साइकललाई बुधबार साँझ ठक्कर दिदा बालकको मृत्यु भएको छ ।

मोटरसाइकलको ठक्करबाट सप्तरीको शम्भुनाथ नगरपालिका ५ का मो. सादनको छोरा वर्ष १४ को मो.साविकको मृत्यु भएको हो । मोटरसाइकलमा बालकलाई लिएर भाग्दै गरेका भारतको मधुवनी खतौनी पिपराहीका वर्ष २८ को मो. सादर आलमलाई स्थानीयले पक्राउ गरेको छ भने मोटरसाइकलमा सवार एकजना भने फरार भएका छन् ।

दुर्घटना भएपछि आलमले सोही मोटरसाइकलमा उठाएर लगेको बालकलाई सप्तरीको खडक नगरपालिका १ स्थित सिस्वाबेल्हीमा फेला पारी स्थानीयले मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिएको बालकको आफन्तले बताएका छन् ।

पूर्वपश्चिम राजमार्गको खडक नगरपालिका ५ खरचुहीया चौकदेखी दक्षिण भित्री सडक हुँदै भारततर्फ जाँदै गरेको मोटरसाइकलमा राखेको मृतक बालकलाई फ्याकेर भाग्न खोजेको आलममाथि स्थानीयले आरोप लगाएका छन् ।

पक्राउ परेका आलम र मोटरसाइकल इलाका प्रहरी कार्यालय कल्याणपुरको नियन्त्रणमा राखी कारवाही अगाडि बढाइएको सप्तरीका प्रहरी प्रवक्ता डिएसपी हेमराज घिमिरेले बताए ।

# प्रविधिमैत्री बन्दै उच्च अदालत जनकपुर

जनकपुरधाम, ३२ असार (रासस) ।

उच्च अदालत जनकपुरले न्याय सम्पादनलाई शीघ्र, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन सूचना प्रविधिको प्रयोगलाई तीव्र बनाएको छ । अदालतले चालु आर्थिक वर्षमा मुद्दा फछ्र्योटमा पनि उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ ।

बुधबार यहाँ आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रियामा कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले प्रविधिको प्रभावकारी प्रयोग, कर्मचारीको मेहनत तथा बार र बेञ्चबीचको समन्वयका कारण लक्ष्यभन्दा बढी मुद्दा फछ्र्योट गर्न सफल भएको बताउनुभयो ।

उहाँका अनुसार चालु आर्थिक वर्षमा अदालतमा कुल छ हजार ५१६ मुद्दा दर्ता भएका छन् । तीमध्ये चार हजार ६१९ मुद्दाको फैसला भएको छ भने एक हजार ८९७ मुद्दा विचाराधीन छन् । अदालतले ७० दशमलव ८८ प्रतिशत फैसला गरेको छ ।

उहाँका अनुसार अदालतमा १८ महिनाभन्दा पुराना वा दुई वर्ष नाघेका कुनै पनि मुद्दा बाँकी छैनन् । यसले न्याय सम्पादन प्रभावकारी बन्दै गएको सङ्केत गर्ने उहाँको भनाइ छ ।

पछिल्ला पाँच आर्थिक वर्षको तथ्याङ्कले पनि अदालतको कार्यसम्पादनमा सुधार देखाएको छ । आर्थिक वर्ष २०७८/७९ मा ४९ दशमलव ५५ प्रतिशत, २०७९/८० मा ४४ दशमलव ७० प्रतिशत, २०८०/८१ मा ७१ दशमलव २३ प्रतिशत, २०८१/८२ मा ६६ दशमलव शून्य पाँच प्रतिशत र चालु आर्थिक वर्षमा ७० दशलमलव ८८ प्रतिशत मुद्दा फैसला भएको अदालतले जनाएको छ ।

अदालतले न्यायिक सेवा थप प्रभावकारी बनाउन 'अनलाइन' बहस, अनलाइन तारिख, 'लाइभ स्ट्रिमिङ', 'एसएमएस'मार्फत सूचना सेवा, फैसलाको 'डिजिटल' अभिलेखीकरण, गुनासो सुनुवाइ प्रणाली, 'हेल्पडेस्क', 'ह्विलचेयर' सेवा र मेलमिलाप सेवा सञ्चालनमा ल्याएको छ । नयाँ व्यवस्थाले अदालतसम्म पुग्न कठिनाइ हुने सेवाग्राहीलाई पनि सहज रूपमा न्याय सेवा लिन सहयोग पुगेको अदालतको भनाइ छ ।

मुख्य न्यायाधीश कुँवरले आगामी दिनमा अदालतलाई पूर्ण रूपमा प्रविधिमैत्री न्यायालयका रूपमा विकास गर्ने, सूचना प्रविधिको प्रयोग अझ विस्तार गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन, 'समुदायसँग अदालत' कार्यक्रम विस्तार तथा स्थानीय तहका न्यायिक समितिलाई थप सुदृढ बनाउने योजना रहेको बताउनुभयो ।

उहाँले सूचना प्रविधिमा आधारित न्याय प्रशासन, प्रभावकारी व्यवस्थापन र समयमै न्याय सम्पादनलाई निरन्तर प्राथमिकता दिँदै सेवाग्राहीलाई छिटो, सरल र गुणस्तरीय न्याय सेवा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# विद्यालयमा आइतबार बिदा दिने निर्णय पुनर्विचार गर्न आग्रह

काठमाडौँ, ३२ असार (रासस) ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालले आइतबार विद्यालयमा बिदा दिने निर्णयमा पुनर्विचार गर्न नेपाल सरकारसँग आग्रह गरेको छ ।

महासङ्घले बुधबार पत्रकार सम्मेलन गरेर वार्षिक पाठ्यभार पूरा हुन कठिन हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रतिकूल असर पर्न सक्ने भएकाले आइतबार पनि विद्यालय सञ्चालन गर्न आग्रह गरेको हो । सरकारले इन्धनको आपूर्ति सहज तुल्याउन आइतबार सरकारी कार्यालय र विद्यालयमा समेत बिदा दिने निर्णय गरेको थियो ।

महासङ्घका अध्यक्ष काशीनाथ दङ्गालले सिकाइ उपलब्धि घट्ने भएकाले हप्तामा छ दिन नै पूर्ववत्रुपमा विद्यालय सञ्चालन गनुपर्नेमा आफूहरूको हालैको राष्ट्रिय सम्मेलनबाट पनि प्रस्ताव पारित भएको जानकारी दिनुभयो । उहाँले सरकारले हालै शिक्षा नियमामवलीको दसौँ संशोधनमा आफूहरूसँग परामर्श नगरेको र विद्यालय व्यवस्थापन समितिका अधिकार क्षेत्र संकुचन गर्न खोजिएको आरोप लगाउनुभयो ।

कार्यक्रममा महासङ्घका पूर्वअध्यक्ष गुणराज मुक्तानले विद्यालयमा समुदायको अस्तित्व र भूमिकालाई अवमूल्यन गरिनु उचित नहुने बताउनुभयो ।

# तीन महिनामा ९० हजार लाइसेन्स वितरण, १९ करोड ८२ लाख राजस्व सङ्कलन

भक्तपुर, ३२ असार (रासस) ।

बितेका तीन महिनामा यातायात व्यवस्था कार्यालयले ९० हजार थान सवारीचालक अनुमतिपत्र वितरण गरेको छ ।

यसबाट राज्यकोषमा रु १९ करोड ८२ लाख दाखिला भएको छ । उक्त अवधिमा दुई लाख ३८ हजार लाइसेन्स छापिएकामा ९० हजार सेवाग्राहीलाई प्रदान गरिएको उक्त कार्यालयका प्रमुख प्रविण श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

हाल दैनिक एक हजारदेखि एक हजार ८०० सेवाग्राहीलाई अनुमतिपत्र प्रदान हुँदै आएको छ ।

# मधेश सरकारमा काँग्रेस, एमाले र नेकपा गठबन्धनले नै निरन्तरता दिने निर्णय

**दैनिक समाचारदाता**
**जनकपुर, ३२ असार ।**

मधेश प्रदेशमा कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सम्मिलित गठबन्धन सरकारलाई निरन्तरता दिने निर्णय गरिएको छ ।

कांग्रेसका संसदीय दलका नेता तथा मुख्यमन्त्री कृष्णप्रसाद यादव, एमालेका संसदीय दलका नेता सरोजकुमार यादव र नेकपाका संसदीय दलका नेता एवं अर्थमन्त्री युवराज भट्टराईबिच बिहीबार भएको छलफलले वर्तमान गठबन्धनलाई यथावत् राख्ने निर्णय गरेको हो ।

छलफलपछि अर्थमन्त्री तथा नेकपाका संसदीय दलका नेता भट्टराईले अन्य प्रदेशको तुलनामा मधेश प्रदेशको राजनीतिक अवस्था फरक रहेकाले यहाँको गठबन्धनलाई निरन्तरता दिने सहमति भएको बताए ।

उनले अन्य प्रदेशमा कांग्रेस र एमालेबिचको सहकार्य अन्त्य हुने स्थिति बने पनि मधेस प्रदेशमा भने यही राजनीतिक समीकरणलाई कायम राख्ने सहमति भएको जानकारी दिए ।

## *सम्पत्ति छानबिन...*

यही असार २६ गते न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले प्रस्तुत रिट निवदेनको पूर्ण इजलासबाट अन्तिम टुङ्गो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेश गर्न बाध्य नपार्नु, पेस हुन आएको सम्पत्ति विवरण उपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नु र कसैउपर पनि कुनै पनि किसिमको कानुनी कारबाहीका लागि सिफारिस नगर्नु नगराउनु अन्तरिम आदेश गरेको थियो ।

अदालतको आदेशसको पूरै प्रतिकूल हुने गरी आयोगले यही असार २९ गते सूचना प्रकाशित गरेपछि सर्वोच्च अदालतमा आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारी र सदस्यहरू पुरुषोत्तम पराजुली, चण्डीराज ढकाल, गणेश केसी, प्रकाश लम्साल र सम्पत्ति आयोगलाई अदालतको अवहेलनामा निवेदन दायर गरिएको छ । यही असार ३२ गते पेसी रहेको छ ।


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८२/०८३
च.न. १६६३

मिती :-२०८३।०३।३१

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **राम किसुन सुतिहार समेत ले** तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८३।०३।३१ गते मा द.न. १६८७ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले१५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने **भुट्टी देवी सुतिहार्नी** नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ४ | ७९९ | ०-३-१.५ |
| सप्तरी | चनौरा पडरीया | ४ | ७८७ | ०-१-० |
| सप्तरी | चनौरा पडरीया | ४ | १२०० | ०-०-४ |
| सप्तरी | चनौरा पडरीया | ४ | ७८१ | ०-१-० |
| सप्तरी | चनौरा पडरीया | ४ | ७७४ | ०-१-१० |
| सप्तरी | चनौरा पडरीया | ४ | ३७८ | ०-६-७ |
| सप्तरी | चनौरा पडरीया | ४ | ३७७ | ०-६-० |
| सप्तरी | चनौरा पडरीया | ४ | ६८२ | ०-१-१० |
| सप्तरी | चनौरा पडरीया | ४ | ७३८ | ०-०-१२.५ |
| सप्तरी | चनौरा पडरीया | ४ | ७४६ | ०-१-१० |
| सप्तरी | चनौरा पडरीया | ४ | ७५६ | ०-१-० |
| सप्तरी | चनौरा पडरीया | ४ | ७९८ | ०-०-१० |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*